**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १६ गते**

सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १६ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** वल्ड भिजनको आर्थिक सहयोग तथा प्रगतिशिल युवा समाजको आयोजनामा ३० थान पीपिइ, क्वारेन्टाइन व्यावस्थापनका लागि ९० थान कम्मल ,१ सय ८० थान त्रिपाल, ९० ओटा डोरी, चार ओटा थर्मल गन, ४० ओटा बाल्टीन,नौ रोल पिफर्म लगाएतका सामग्रीहरु जिल्ला बिपत व्यावस्थापन समिति संयोजक तथा प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेलाई हस्तान्तरण गरीएको छ ।
प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले सहयोग गर्ने संस्थालाई धन्यवाद दिदै प्राप्त सामग्रीहरु आवश्यकता अनुसार स्थानीय तहमा रहेका स्वास्थ्य संस्थालाई वितरण गरिने बताउनु भयो ।
यसैगरी वल्ड भिजन संस्ताले  पाँच थान पीपिइ, जयपृथ्वी नगरपालीकाका मेयर बिरेन्द्रबहादुर खड्कलाई र पाँच पाँच थान पीपिइ छबिस पाथिभेरा गाँउपाली, केदारस्यु गाँउपालीकालाईसमेत हस्तान्तरण गरेको छ ।
सरकारले गरेको लकडाउनको अवज्ञा गर्दै  देशका विभिन्न ठाउँबाट जिल्ला भित्रिएका व्यक्तिहरु क्यारेन्टाइनमा नबसेर आआफ्नो घर गएका छन् । चार दिन यता लगातार रुपमा धनगढी तथा काठमाडौँबाट जिल्ला भित्रिएका व्यक्तिहरुलाई अनिवार्य रुपमा १४ दिन क्यारेन्टाइनमा राख्ने  स्थानीय प्रशासनले निर्णय गरेको भएपनि उनीहरुले बेवास्था गर्दै   आआफ्नो घर गएका हुन् । स्थानीय प्रशासनको अनुमतीविना वैशाख १४ गते यता झण्डै १ हजार भन्दा बढी व्यक्ति जिल्ला भित्रिएका छन् । उनीहरु आएका बसहरुको  स्थानीय तहबाट पास लिएका बसहरुले उनीहरुलाई देशका विभिन्न स्थानबाट जिल्ला ल्याएको थियो ।
जिल्ला भित्रिएकाहरुमध्ये अधिङ्काश व्यक्तिहरुको सामान्य स्वास्थ्य परीक्षणसम्म नगरि आआफ्नो घर गएका छन् । थलारा गाउँपालिकाका स्वास्थ्य संयोजक पदम ओलीले प्रत्येक वडाहरुमा क्यारेन्टाइनको व्यवस्था गरेको भएपनि बाहिरी जिल्लाबाट आएका व्यक्तिहरु समान्य स्वास्थ्य परीक्षण नगरिकन आआफ्नो घर गएको बताउनु भयो । जयपृथ्वी नगरपालिकाका प्रमुख बिरेन्द्रबहादुर खड्काले यसरी काठमाडौँ र धनगढीमा कोठा रहेका मान्छेहरुलाई त्यहाँको स्थानीय तहले गाडी पठाउँदै जिल्ला पठाउने हो भने आफूहरुलई क्वारेन्टाइनमा राख्न सम्भव नहुने बताउनु भयो ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** पुचौंडी नगरपालिका- ३ का जोगे पार्कीलगायत ८ सय भन्दा बढी नेपाली नागरिकहरुलाई महाकाली पारी भारतीय क्वारेन्टाइनमा बसेको १ महिना पूरा भइसक्दासमेत स्वदेश फर्काउने कुनै सम्भावना देखिएको छैन् । एक महिना बढी वितिसक्दासमेत क्वारेन्टाइनमै बस्नुपर्ने वाध्यताले आफूहरुप्रति नेपाल सरकारले चासो नदेखाएको उनिहरुको गुनासो छ । पार्कीले भन्नु भयो -'खाली भुईमा सुतेको एक महिना पूरा भएको छ । एकै ठाउँमा धेरै मानिस बसिरहेका छौँ । घरका लागि भनेर कमाएको पैसा पनि सकिसकेको छ । सरकार हामी नेपालका नागरिक होइनौं र ? विदेशी भूमीमा हामीले कहिलेसम्म बस्नुपर्ने हो ?'
जिल्लाको दोगडाकेदार गाउँपालिकाका हरिश भट्टलाई पनि झुलाघाट पुगेको एक महिना हुन लागेको छ । भारतीय क्वारेन्टाइनमा बसिरहेका उनीहरुको बेलाबेलामा स्वास्थ्य परीक्षण पनि भइरहेको छ ।

स्वास्थ्य परीक्षणमा कोरोना लक्षण देखिएको छैन् । तर, पनि स्वदेश ल्याउन सरकारले आनाकानी गरिरहेकोमा उनी पनि आक्रोशित छन् ।

उहाँले भन्नु भयो- 'हामी मजदुर हौँ । घरमा मकै छर्ने समय सुरु भइसकेको छ । हामीलाई सीमामै कति दिनसम्म अलपत्र राखिन्छ ? हाम्रो देशमा सरकार छ कि छैन् ? हामी स्वदेशमा रोजगारी नपाएर विदेशी भूमीमा आएका हौँ । हाम्रा समस्या सरकार किन बुझ्दैन् ?'

जिल्लाको पुर्चौंडी नगरपालिकाका नरेन्द्र धामीले पनि आफूलाई स्वदेश फर्काउन सरकारसँग आग्रह गरेका छन् । उहाँले भन्नु भयो-'हामीलाई भारतीय क्वारेन्टाइनमा बसेको एक महिना भइसकेको छ । अहिलेसम्म हामीलाई कुनै सङ्क्रमणको लक्षण छैन् । तर, पनि सरकार हामीलाई किन स्वदेश फर्काउँदैन ? हाम्रो पीडा सरकार किन बुझ्दैन ?'

सीमापारी झुलाघाटमा रहेका केही नेपाली नागरिकका प्रतिनिधिमूलक पीडा मिश्रित भनाइ हुन् । स्वदेशकै क्वारेन्टाइनमा बस्ने उनीहरुको भनाइ छ ।  सीमामा फसेकालाई फर्काउने विषयमा सरकारले केही निर्णय गरेको छैन् । झुलाघाटमा र धारचुलामा गरेर ९ सय मजदुर बैतडीकै मात्र भारतीय क्वारेन्टाइनमा छन् ।

सीमामा रहेका नेपालीलाई स्वदेश ल्याएमा क्वारेन्टाइनमा राख्नुपर्ने भएकाले प्रत्येक पालिकामा क्वारेन्टाइन निर्माण गरिएका भएपनि उनीहरुलाई कहिले ल्याउने भन्ने निर्णय नभएको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले बताउनु भयो । उहाँले भन्नु भयो- 'सीमाबाट मजदुरहरु ल्याउने निर्णय सङ्घीय सरकारले गर्नु पर्छ । सङ्घीय सरकारको निर्णयपछि मात्रै सीमाबाट नेपालीहरुलाई ल्याउन सकिन्छ ।'

सीमामा रहेका नेपालीहरुलाई स्वदेश ल्याएमा क्वारेन्टाइनमा राख्नका लागि स्थानीयस्तरमा तयारी भइसकेको तर केन्द्रको निर्णय पर्खिरहेको सहायक प्रमुख जिल्ला अधिकारी नेगीको भनाइ छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** लकडाउनको क्रममा समस्यामा परेका धनगढी, महेन्द्रनगर, नेपालगञ्ज, काठमाडौंलगायतका ठाउँबाट स्थानीय तहले दिनहुँ बसहरुमा ल्याएका सर्वसाधारणहरुलाई  क्वारेन्टाइनमा नराखी घर पठाइन गरिएको छ । उनीहरूलाई र्‍यापिड डायग्नोस्टिक टेस्ट (आरडीटी) नै नगरी थर्मल गनले जाँचेको भरमा घर जान दिने गरिएको छ । भरपर्दो जाँचबीना नै ठूलो सङ्ख्यामा आएका व्यक्तिहरु गाउँ भित्रिएपछि गाउँमासमेत जोखिम बढेको छ ।

मार्मा गाउँपालिकाले दुई दिनमा धनगढी, महेन्द्रनगर र काठमाडौंलगायतका क्षेत्रबाट २ सय ७ जनालाई उद्धार गरी घर फर्काएको छ । तर, उनीहरुलाई क्वारेन्टाइनमा राख्न सकिने अवस्था नभएपछि थर्मलगनले जाँच गरी घर पठाइएको मार्मा गाउँपालिका स्वास्थ्य संयोजक चक्रसिह धामीले बताउनु भयो । सबैलाई होम क्वारेन्टाइनमा बस्न निर्देशन गरी पठाएका छौं, उहाँले भन्नु भयो । जिल्लाबाहिर रहेका नागरिकलाई ल्याउन गाउँपालिकाले निःशुल्क रुपमा ल्याउनका लागि बस पठाइएका थिए ।

लेकम गाउँपालिकाले महेन्द्रनगरबाट १ सय २५ जना र धनगढीबाट ३३ जनाको उद्धार गरी ल्याएकोमा सबै जनालाई सिधै घर पठाएको छ । चार ओटा बसमार्फत तराईबाट ल्याएकाहरु सिधै होम क्वारेन्टाइनमा बस्ने भन्दै घर पठाइएको प्रमुख प्रशासकीय अधिकृत नारायण भट्टले बताउनु भयो । यसैगरी गाउँपालिकाले १ सय २५ जनालाई काठमाडौंबाट उद्धार गरी ल्याउने तयारी भएको र उनीहरुलाई पनि होम क्वारेन्टाइनमा बस्ने गरी घर पठाउने तयारी भएको प्रमुख प्रशसकीय अधिकृत भट्टले बताउनु भयो ।  लेकम गाउँपालिकाले यसअघि भारतबाट आएका १ सय ४८ जनालाईसमेत सिधै घर पठाएको थियो ।

शैल्यशिखर नगरपालिकाले काठमाडौँमा पढाई तथा कामको सिलसिला र बिरामी भएर उपचार गर्न गएका झण्डै ७० जनालाई उद्धार गरी घर ल्याउँदै गरेको र उनीहरु सबै जनालाई क्वारेन्टाइनमा राख्ने तयारी भइरहेको शैल्यशिखर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र विष्टले बताउनु भयो ।

अपिहिमाल गाउँपालिकाले धनगढी, महेन्द्रनगर, नेपालगञ्जलगायतका ठाउँबाट उद्धार गरी ल्याएका ७२ जनालाई ६ ओटै वडाका क्वारेन्टाइनमा राखेको छ । बसमार्फत ल्याएका सबैलाई अनिवार्य क्वारेन्टाइनमा बस्न लगाइएको स्वास्थ्य संयोजक राजेन्द्रसिह धामीले बताउनु भयो ।

उता नौगाड गाउँपालिकाले धनगढीबाट ल्याएका ३६ जना र काठमाडौँबाट ल्याएका ३३ जनालाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने जनाएको छ । पछिल्लो समय बाहिरबाट आउने सबैलाई क्वारेन्टाइनमा बस्न लगाएका छौँ, गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले भन्नु भयो, अहिलेको अवस्थामा १४ दिन क्वारेन्टाइन राखेर आरडिटी गरेर मात्रै होम क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको छ ।

व्यास गाउँपालिकाले धनगढी काठमाण्डौँबाट आउने सबैलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको गाउँपालिका अध्यक्ष दिलिपसिह बुढाथोकीका स्वकीय सचिव दिपक खातीले बताउनु भयो । अहिलेसम्म अन्य स्थानीय तहका बसहरुमार्फत आएका आठ जनालाई क्वारेन्टाइनमा राखिएको छ भने गाउँपालिकाले काठमाडौँबाट ४१ जनालाई उद्धार गरी ल्याइरहेको अध्यष खातीले बताउनु भयो ।

दुहुँ गाउँपालिकाले उद्धार गरी ल्याएका ४९ जनालाई वैशाख १६ गते क्वारेन्टाइनमा राखिएको दुहुँ गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले बताउनु भयो । वडाका आधारमा सम्बन्धित वडामा बसालेका छौँ, उहाँले भन्नुभयो, तर गाउँमा क्वारेन्टाइन मापदण्ड अनुसार राख्न सकिने अवस्था भने छैन् ।

मालिकार्जुन गाउँपालिकाले भने जिल्लाबाहिर रहेका व्यक्तिलाई उद्धारको लागि तयारी गरेपनि गृह मन्त्रालयको निर्देशनअनुसार सवारी पास नदिने बताएपछि अहिलेलाई उद्धार गर्न नसकिने जनाएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रघुनाथ अवस्थीले वैशाख १६ गते सार्वजनिक सूचना जारी गर्दै लकडाउनको अवधिमा जहाँ बसेका छन्, त्यहि सुरक्षित तवरले बस्न आग्रह गर्नु भएको छ ।

महाकाली नगरपालिकाले जिल्लाबाहिर गएका नागरिकलाई उद्धार नगरेपनि अन्य स्थानीय तहका बसमार्फत जिल्ला पुगेका व्यक्तिलाई अनिवार्य क्वारेन्टाइनमा बस्न लगाइएको नगर प्रमुख हंशराज भट्टले बताउनु भयो ।

सबै स्थानीय तहले जिल्लाबाहिर रहेका नागरिकको उद्धार गर्दा अनिर्वाय रुपमा क्वारेन्टाइनमा राख्ने शर्तमा सवारी पास लगेको दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुँवरको भनाइ छ ।

व्यास गाउँपालिका -२ माल्पा हुँदै आठ जना नेपाली मजदुर स्वदेश फर्किएका छन् । वैशाख १६ गते बिहान माल्पा क्षेत्रमा महाकाली तर्दै उनीहरु स्वदेश फर्किएका हुन् । एक महिनादेखि सीमा पूल नखुल्दा उनीहरु महाकाली तरेर स्वदेश आएका छन् । उनीहरुलाई दुम्लीङस्थित नेपाल प्रहरीले व्यास गाउँपालिका सुनसेरा ल्याइरहेको जिल्ला प्रहरी कार्यालय, दार्चुलाका सूचना अधिकारी सुरेन्द्र प्रसाद जोशीले बताउनु भयो ।

महाकाली पूल खुल्ने अवस्था नआएपछि आफूहरु दर्माबाट हिडेरै माल्पा पुग वैशाख १५ गते राती महाकाली तरेर नेपाल भित्रिएको पूर्चौडी नगरपालिका- ४ का डम्मर बोहराले फोनमार्फत जानकारी दिनुभयो । बाध्य भएर राती माल्पामा महाकाली तरेर दुम्लीङ पुगेको र दुम्लीङमा प्रहरीले भेटेपछि आफुहरुलाई सुनसेरा ल्याइरहेको उहाँको भनाइ छ । यसअघि व्यासकै घाटिबगर क्षेत्रबा ३४ जना महाकाली तरेर दुम्लीङ पुगेका थिए । पछिल्लो समय लालीको रत्यौडादेखि व्यासको डोकटसम्म सशस्त्र

प्रहरीले २४ सैँ घण्टा सीमामा निगरानी बढाएपछि नेपाली मजदुरहरु सुरक्षाकर्मी नपुगेको क्षेत्रबाट नेपाल भित्रिरहेका छन् ।
एक महिनादेखि सीमापारि धार्चुलामा अलपत्र परेका नेपालीको उद्धार गर्न माग गर्दै नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, र नेपाल दलित सङ्घले संयुक्त रुपमा माग गर्दै नेपाल सरकारलाई ज्ञापन-पत्र बुझाएको छ । क्वारेन्टाइनमा बस्ने समयावधि सकिदा पनि नेपालीको उद्धार गर्नमा ढिलाई गरेको जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारलाई ज्ञापन-पत्र बुझाएको हो । गरिबका कारण भारतमा मजदुरी गर्न गएका नेपालीहरु एक महिनादेखि सीमामा अलपत्र हुँदा पनि सरकारले ध्यान नदिएको भन्दै तत्काल उद्धार गर्न उनीहरुले माग गरेका छन् । प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेललाई आठ बुँद्दे ज्ञापन बुझाउँदै उनीहरुलाई स्वदेशमा ल्याएर व्यवस्थापन गर्न माग गरिएको छ । तीन औटै सङ्घले दार्चुलाको सीमापारि रहेका नेपाली नागरिकलाई स्वदेश ल्याई स्वास्थ्य परीक्षण गरी सम्बन्धित स्थानीय तहमा पठाउन माग गरिएको छ । यसैगरी जिल्लाबाहिरबाट भित्रिरहेका सम्पूर्ण नागरिकको र्‍यापिड टेस्ट (आरडिटी) गर्न प्रयाप्त किटको व्यवस्थापन गर्नसमेत माग गरिएको छ । नेपाली काङ्ग्रेस निकट तीन ओटै भातृ सङ्घहरुले दार्चुला जिल्ला अस्पतालमा कोरोना टेस्ट ल्याब स्थापना गर्नुपर्ने, कोराना महामारीसँग लडिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र स्थानीय तहका कर्मचारीको लागि सुरक्षा सामग्री व्यवस्थापन गर्नुपर्ने, जिल्लाबाहिर रहेका विद्यार्थीको तथ्याङ्क संकलन गरी सरकारले उनीहरुको लागि खान बस्नको व्यवस्था मिलाउनु पर्ने उनीहरुको माग छ । यसैगरी स्थानीय तहले पहिचान गरेका विपन्न परिवारलाई प्रयाप्त मात्रामा राहत रकम उपलब्ध गराउनु पर्ने र  हिमाली क्षेत्रमा बसोबास गर्ने व्यासी सौका समुदायको कुन्चा सर्ने समय भइसकेको हुँदा उनीहरुको समस्या समाधानका लागि यथाशिघ्र कुटनीतिक पहल गर्नु पर्ने ज्ञापन पत्रमार्फत सरकारसँग माग गरिएको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार**  भारतलगायत अन्य मुलुकबाट फर्किएका र स्थानीय गरी हालसम्म १ हजार ७ सय ८ जनाको र्‍यापिड डाइग्नोष्टिक टेष्ट (आरडिटी) विधिबाट कोरोनभा भाइरस (कोभिड-१९) परीक्षण गरिएको छ । गत चैत २७ गतेदेखि सुरु गरिएको र्‍यापिड टेष्टमा दुई जनाबाहेक सबैको नतिजा नेगेटिभ आएको थियो । पोजेटिभ नतिजा आएका दुई जनाको थ्रोट स्वाब सङ्कलन गरी पिसिआर विधिबाट परीक्षण गर्दा उनीहरुको नजिता पनि नेगेटिभ आएको छ ।
स्वास्थ्य कार्यालय, कञ्चनपुरका कोरोना भाइरस फोकल पर्सन सिद्धराज भट्टका अनुसार सुरक्षामा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मीलगायतकोसमेत र्‍यापिड टेष्ट गरिएको छ ।
भीमदत्त नगरपालिकामा ५ सय ९० जना , बेदकोट नगरपालिकामा ३ सय ५२ जना, शुक्लाफाँटा नगरपालिकामा १ सय ७३ जना, कृष्णपुर नगरपालिकामा १ सय ५२ जना, पुनर्वास नगरपालिकामा १ सय ९१ जना, बेलौरी नगरपालिकामा १ सय ७९ जना, महाकाली नगरपालिकामा १ सय ५४ जना, लालझाडी गाउँपालिकामा ६२ जना र बेलडाँडी गाउँपालिकामा २६ जनाको र्‍यापिड टेष्ट गरिएको छ ।
कतार, दुवइ, साउदी अरेबिया, मलेसियालगायत मुलुकबाट आएका व्यक्तिसँगै भारतको कोरोना सङ्क्रमणको दर उच्च रहेका मुम्बै, नयाँ दिल्ली र राजिस्थानलगायतका क्षेत्रबाट फर्केका व्यक्तिहरु, नेपालको काठमाडौं, ओखलढुङ्गालगायत क्षेत्रबाट फर्केका व्यक्तिसँगै सुरक्षाकर्मी, स्वास्थ्यकर्मीलगायतमा र्‍यापिड टेष्ट गरिएको छ ।
हालसम्म २ सय ५ जनाको थ्रोट स्वाब सङ्कलन गरी कोरोना भाइरस परीक्षण गरिएकोमा २ सय २ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने एक जनामा पोजेटिभ देखिएको थियो । पोजेटिभ रिपोर्ट आएका

एक जना पनि  उपचारपछि घर फिर्ता भइसकेका छन । अन्य दुई जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।
जिल्लाका विभिन्न स्थानीय तहमा निर्माण गरिएका ६ सय ६ बेडको क्वारेन्टाइनमा हाल ६ जना महिलासहित १ सय ५६ जनालाइ राखिएको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** समन्वय विना नै बसमा आएका नौ स्थानीय तहका ६१ जना यात्रुलाई स्थानीय तहका क्वारेन्टाइनमा बस्ने प्रतिवद्धतापश्चात वैशाख १६ गते जिल्ला प्रवेश गराइएको छ । देशका विभिन्न शहरबाट आएर पश्चिम अछामको चौखुट्टे नाकामा रोकिएकालाई सम्बन्धित पालिकाको क्वारेन्टाइनमा राख्ने गरी छोडिएको जिल्ला प्रहरी कार्यालय,अछामका डिएपपी दीपक भारतीले जानकारी दिनुभयो । काठमाडौँ, धनगढी र महेन्द्रनगरबाट बान्नीगढी जयगढ गाउँपालिकाका २२ जना, कमलबजार नगरपालिका, ढकारी गाउँपालिका र मंगलसेन नगरपालिकाका नौ/नौ जना, साँफेबगर नगरपालिका र रामारोशन गाउँपालिकाका आठ/आठ जना, चौरपाटी र मेल्लेख गाउँपालिकाका तीन/तीन जनालाई स्थानीय तहले क्वारेन्टाइनमा राख्ने सहमतिपछि छोडिएको डिएसपी भारतीको भनाइ छ । जुनसुकै माध्यमबाट जिल्ला प्रवेश गर्ने व्यक्तिलाई २१ दिनसम्म क्वारेन्टाइनमा राख्ने जिल्ला प्रशासन कार्यालयले यसअघि नै सूचना प्रकाशित गरिसकेको छ । छिमेकी जिल्लाका सवारी साधन वा कैलाली, सुर्खेत, डोटीलगायतका जिल्लाबाट मानिसहरु पैदल नै हिडेर आउने भएकोले स्थानीयस्तरमा व्यवस्थापन गर्न असहज भइरहेको स्थानीय तहले जनाएको छ ।
बान्नीगढी जयगढ गाउँपालिकाले कोरोना भाइरस विरुद्धको रोकथा, नियन्त्रण र उपचार प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थाहरुलाई आभार व्यक्त गरेको छ । गाउँपालिकाले वक्तव्य प्रकाशित गरेर जनप्रतिनिधिबाट ५९ हजार ५ सय, गाउँपालिकामा कार्यरत कर्मचारीबाट ५३ हजार ५सय नगद रुपियाँ जम्मा गर्नेलाई धन्यवाद दिएको  हो । यसैगरी शोडशा मावि पूर्वविद्यार्थीबाट मास्क, सेनेटाइजर, पञ्चासहयोग गरेको भन्दै गाउँपालिका अध्यक्ष राजेन्द्रबहादुर खड्काद्धारा हस्ताक्षरित वक्तव्यमा उल्लेख गरिएको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** जिल्ला प्रशासन कार्यालय, कैलालीका अनुसार हालसम्म ४ हजार १ सय ६५ पुरुष र ६ सय ५७ महिला गरी ४ हजार ८ सय २२ जनामा र्‍यापिड टेस्ट गरिएको छ । र्‍यापिड टेस्टमा दुई जना पुरुष र एक जना महिलामा पोजेटिभ देखाएको थियो । पुष्टिका लागि पीसीआरबाट परीक्षण गर्दा भने तीनै जनाको रिपोर्ट नेगेटिभ देखाएको प्रदेश स्वास्थ्य निर्देशनालय, डोटीले जनाएको छ । सुदूरपश्चिम प्रदेशभरी १२ हजार बढिमा र्‍यापिड टेस्ट गर्दा १० जनामा पोजेटिभ देखाएकोमा पीसीआरमा भने सबैको रिपोर्ट नेगेटिभ आएको निर्देशनालयले जनाएको छ ।
जिल्ला प्रशासन कार्यालय, कैलालीका अनुसार अहिलेसम्म सबैभन्दा बढि धनगढी उपमहानगरपालिकामा १ हजार ६ सय ६७ जनामा ऱ्यापिड टेस्ट गरिएको छ । गोदावरी नगरपालिकामा ७ सय ८०, गौरीगंगामा १ सय ८७, घोडाघोडीमा २ सय ३१, लम्कीचुहामा ६ सय ९६, टीकापुरमा ३ सय ५८, भजनीमा २ सय ८५, कैलारी गाउँपालिकामा ६२, चुरे गाउँपालिकामा २ सय ५५, जानकी गाउँपालिकामा १ सय ५१, बर्दगोरीयामा ३ सय २३, जोशीपुरमा १ सय १५ र मोहन्याल गाउँपालिकामा २ सय १२ जनाको र्‍यापिड टेस्ट गरिएको छ ।
यसैगरी जिल्लामा अहिलेसम्म ५ सय २८ जनाको थ्रोट स्वाब नमूना सङ्कलन गरी पीसीआरबाट परीक्षण गरिएकोमा ५ सय २४ जनाको रिपोर्ट नेगेटिभ र चार जनाको रिपोर्ट पोजेटिभ देखाएको थियो ।

पोजेटिभ देखाएका तीन जना ठिक भएर घर फर्किसकेका छन् भने बाँकी एक जनाको उपचार भइरहेको छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट जिल्लाका नौ ओटै स्थानीय तहमा खाद्य बैंक स्थापना गर्ने निर्णय गरिएको छ । लकडाउनका कारण स्थानीय स्तरमा खाद्य सङ्कट नहोस भन्नका लागि खाद्य बैंक स्थापना गर्ने निर्णय गरिएको विपद व्यवस्थापन समितका संयोक तथा प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताउनु भयो ।
जिल्ला विपद व्यवस्थापन समिति, डोटीलाई  कोराना  रोकथाम तथा नियन्त्रणको लागि वल्ड भिजन ,नेपालले आवस्यक सामग्री क्रमसः ३० थान पीपिइ र थर्मोमिटर  प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेललाई हस्तान्तरण गरेको छ ।
लकडाउनका क्रममा काठमाडौँमा रोकीएका ७३ जना विद्यार्थीहरुलाई  काठमाडौं  जिल्ला प्रशासन कार्यालयको सवारी  पास लिएर वैशाख १४ गते जिल्ला ल्याइएका सबै जनालाई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी २१ दिनसम्म क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको  प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताउनु भयो ।
जिल्ला भित्रिएका मध्ये पुर्बीचौकी गाउँपालिकाका ३४ जना  ,बोगटान गाउँपालिकाका १९ जना, केआई सिहँ गाउँपालिकाका नौ जना, आदर्श गाउँपालिकाका सात जना, शिखर नगरपालिकाका  दुई जना र दिपायलसिलगडी नगरपालिकाका दुई जना रहेका छन ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**